# कुम्मायक गाउँपालिका

# स्थानीय राजपत्र

खण्ड - ७ संख्या -१ मिति – २०८०/२/३१

भाग-२

कुम्मायक गाउँपालिका

## कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८०

आज्ञाले

देवी तुम्बापो

प्रमुख प्रशासकीय अधिकृत

कुम्मायक गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
यासोक, पाँचथर
प्रदेश नं. १, नेपाल
२०७३

देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत

# कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८०

**प्रदेश लोक सेवा आयोग, कोशी प्रदेशबाट मिति २०८०/२/२१मा प्राप्त परामर्शका आधारमा गाउँकार्यपालिबाट स्वीकृत मिति २०८०।०२।३१**

प्रस्तावना:- संघीयता अभ्यासको परिवेशमा स्वीकृत संगठन तथा व्यवस्थापन अनुसार स्थानीय सरकारको प्रभावकारीता अभिवृद्धि गराउन आकष्मिक, नियमित तथा विकास सम्वन्धी कार्य लगायतका सेवा प्रवाहको कार्यलाई व्यवस्थित, मर्यादित, स्तरीय, प्रभावकारी तथा गुणस्तरीय वनाउँदै जनसेवा र जनसन्तुष्टि आर्जन गराउन कर्मचारिहरुलाई आफ्नो काम प्रति उत्प्रेरित, जवाफदेही र उत्तरदायि बनाउन वाञ्छनीय भएकाले कोशी प्रदेश द्धारा जारी स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० मा भएको कानुनी व्यवस्था अनुसार कुम्मायक गाउँपालिकामा कार्यरत कर्मचारीहरुलाई तह वृद्धि/ वढुवा/ कायम गर्न आवश्यक भएकाले स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश २०८० को दफा १५४ को अधिकार प्रयोग गरी कुम्मायक गाउँकार्यपालिकाले **"कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८०"** जारी गरिएको छ ।

१. **सक्षिप्त नाम र प्रारम्भ**: - (१) **यो कार्यविधिको नाम: "कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८०"** रहेको छ ।

(२) प्रारम्भ: यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-

(क) "अध्यादेश" भन्नाले कोशी प्रदेशबाट जारी भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० सम्झनु पर्छ।

(ख) "कार्यविधि" भन्नाले कुम्मायक गाउँपालिकाको कर्मचारी तह बृद्धि/मिलान सम्बन्धी कार्यविधि, २०८० लाई सम्झनु पर्दछ।

(ग) "प्रदेश" भन्नाले कोशी प्रदेश सम्झनु पर्छ।

(घ) "कार्यालय" भन्नाले कुम्मायक गाउँकार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ।

(ङ) "कार्यपालिका" भन्नाले कुम्मायक गाउँपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ।

(च) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले कुम्मायक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ

(छ) "तह वृद्धि" भन्नाले अध्यादेशको दफा ४ र दफा ८ बमोजिम गरिने तह वृद्धिलाई सम्झनु पर्दछ।

(ज) "तह मिलान" भन्नाले कार्यविधिको दफा ११ बमोजिम गरिने तह मिलानलाई सम्झनु पर्दछ।

(झ) "प्रदेश लोकसेवा आयोग" भन्नाले कोशी प्रदेशको प्रदेश लोकसेवा आयोगलाई सम्झनु पर्दछ।

(ञ) "सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ३ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

३. **सूचना प्रकाशन गर्ने : -**

(१) अध्यादेशको दफा २८ को उपदफा (१) मा व्यवस्था भए वमोजिमको योग्यता पूरा गरेका कर्मचारीहरु तह वृद्धि गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनका लागि गाउँपालिकाले कम्तिमा १ महिना अगावै आफ्नो वेबसाईट तथा सूचना पाटीमा सूचना प्रकाशन गर्नुपर्नेछ ।

(३) सूचना प्रकाशित गर्दा हालको पदमा स्थायी नियुक्ति पत्र, बढुवा भएको भए बढुवाको नियुक्ति पत्र, समायोजन भए समायोजन भएको पत्र, शैक्षिक योग्यताको प्रमाणपत्र आदि अनिवार्य रुपमा पेश गर्न लगाउनु पर्नेछ।

(४) तह बृद्धिको लागि आवेदन पेश गर्न सात दिनको म्याद राखी कार्यालयको सूचनापाटी र वेवसाइटमा सूचना प्रकाशित गरिनेछ ।

(५) प्रकाशित सूचनामा तोकिएको मितिको अन्तिम दिन भित्र अध्यादेशको दफा २८ बमोजिम योग्यता पूरा गरेका सम्बन्धित कर्मचारीले सिफारिस समितिका अध्यक्ष समक्ष अनुसूची १ वमोजिमको ढाँचामा निवेदन पेश गर्नु पर्नेछ ।

४. **सिफारिस समिति : -**

(१) यस गाउँपालिकामा कार्यरत कर्मचारीको तहबृद्धि गर्न तपसिल बमोजिमको तह बृद्धि सिफारिस समिति रहनेछ।

| | |
|---|---|
| क. प्रमुख प्रशासकीय अधिकृत | - अध्यक्ष |
| ख. कार्यपालिकाले तोकेको १ जना महिला सहित २ जना वरिष्ठ कर्मचारी | - सदस्य |
| ग. प्रशासन शाखा प्रमुख | - सदस्य सचिव |

(२) समितिको बैठक समिति आफैले निर्धारण गरे बमोजिम बस्नेछ ।

५. **आवश्यक न्यूनतम योग्यता र सेवा अवधि :** - अध्यादेशको दफा २८ र २९ बमोजिमको योग्यता पुरा गरेका कर्मचारीहरुलाई तोकिए अनुसार तह वृद्धि गरिनेछ ।

६. **तह बृद्धि सम्बन्धी विशेष व्यवसथा :** - (१) अध्यादेशको दफा ८(१४) बमोजिम चौथो तहका सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत कर्मचारीको प्रमुख प्रशासकीय अधिकृतले तह वृद्धिको निर्णय गरी नियुक्तिपत्र दिनेछ ।

(२) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम निजामती सेवा वाहेकका अन्य सेवाबाट स्थानीय तहमा समायोजन भई सेवा अवधि ५ वर्ष पूरा गरेका पाँचौ, साँतौ र नवौं तहमा कार्यरत कर्मचारीलाई अध्यादेशको दफा २८ को प्रक्रिया पूरा गरी कमश छैठौं ,आठौं र दशौं तहमा एक तह वृद्धि गरिनेछ ।

(३) अध्यादेशको दफा ८ को उपदफा (१६) बमोजिम अधिकृतस्तर साँतौ र नवौं तमका पदहरुमा दफा २९ को प्रक्रिया पूरा गरी अध्यादेशमा तोकिए बमोजिमको बढुवा समितिले बढुवा गर्नेछ ।

(४) संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितात्मक परीक्षाद्धारा स्थानीय सेवाको छैटौं तहको पदमा सिफारिस भई नियुक्ति भई सकेका कर्मचारीलाई स्थानीय सेवाको साँतौं तहका लागि आवश्यक न्यूनतम शैक्षिक योग्यता पुगेको भएमा अख्तियारवालाले सातौं तहमा कायम गरी दिने । यसरी सातौं तह कायम गर्नु पूर्व संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी संगठन संरचना तथा दरबन्दी स्वीकृत गर्नु पर्नेछ ।

(५) अध्यादेशको दफा ४ को उपदफा (५) बमोजिमको तह वृद्धि हुने कर्मचारीलाई प्रमुख प्रशासकीय अधिकृतले निर्णय गरी नियुक्ति पत्र दिनेछ ।

(६) **कामकाजमा खटिएका कर्मचारी सम्बन्धी व्यवस्थाः** - कोशी प्रदेश बाहिर कामकाजमा खटिएका तर कोशी प्रदेश अन्तर्गत दरबन्दी भएका कर्मचारीको दरबन्दी भएको स्थानीय तहमा तह वृद्धि हुने । एक स्थानीय तहबाट अर्को स्थानीय तहमा खटिएका कर्मचारीको हकमा दरबन्दी/पदाधिकार रहेको कार्यलयमा तह वृद्धि गरिनेछ ।

७. **जेष्ठता कायमः** - तह वृद्धि हुने कर्मचारीको अध्यादेशको दफा २८ को उपदफा (२) बमोजिम प्रत्येक आर्थिक वर्षको माघ १ गते र श्रावण १ गतेबाट जेष्ठता कायम हुने ।

८. **बाधा अडकाउ फुकाउने :** - कार्यविधिको कार्यान्वयनमा कुनै बाधा अडकाउ उत्पन्न भएमा बाधा अडकाउ फुकाउने अधिकार प्रदेश लोक सेवा आयोगको परामर्शमा गाउँकार्यपालिकामा रहनेछ ।

९. **तह बृद्धि गर्न नहुनेः** - यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अध्यादेशको दफा ३१ बमोजिमको अवस्थामा कार्यविधिको दफा ५ बमोजिमको सिफारिस समितिले कर्मचारीलाई तह बृद्धिको लागि सिफारिस गर्ने छैन ।

१०. **जानकारी दिनु पर्नेः** - (१) यस कार्यविधि बमोजिम गाउँपालिकाले गरेको तह वृद्धिको जानकारी तह वृद्धिको निर्णय भएको मितिले पन्ध्र दिन भित्रमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश किताबखाना र प्रदेश लोकसेवा आयोगलाई दिनु पर्नेछ।

(२) तह वृद्धि भएका कर्मचारीहरुको विवरण स्थानीय राजपत्रमा समेत प्रकाशन गरीनेछ।

११. **उजुरी/ गुनासो :** - तह वृद्धिको निर्णय उपर चित्त नबुझेमा सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र प्रदेश लोक सेवा आयोगमा उजुरी/ गुनासो गर्न सक्नेछ ।

१२. **प्रचलित कानून बमोजिम हुनेः** यस कार्यविधिमा उल्लेख भएको विषयमा यसै निर्देशिका बमोजिम र अन्य विषयमा प्रचलित कानुन बमोजिम हुनेछ।

देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची १

(कार्यविधिको दफा ३ को उपदफा ५ सँग सम्बन्धित)

## तह बृद्धि/ बढुवाको लागि पेश गर्ने निवेदनको ढाँचा

मिति : २०....../ .. /..

श्रीमान अध्यक्ष ज्यू,
तह वृद्धि / बढुजा सिफारिस समिति,
कुम्मायक गाउँपलिकाको कार्यालय ।

विषय : तह वृद्धि/बढुवा सम्बन्धमा ।

प्रस्तुत विषयमा यस गाउँपालिकाको तह वृद्धि/बढुवा सम्बन्धमा मिति २०८० /.. /.. गतेको सूचना अनुसार म हाल तपसिल बमोजिमको पद तथा तहमा कार्यरत रहेको र उक्त सूचना वमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि/बढुवा /कायम हुन योग्य रहेको हुँदा तपसिल बमोजिमको कागजात सहित यो निवेदन पेश गरेको व्यहोरा अनुरोध गर्दछु।

**तपसिल**

१. संघीय लोक सेवा आयोगबाट खुल्ला प्रतियोगितबाट सिफारिस भई आएको भए सिफारिस पत्र ।
२. स्थायी नियुक्तिको पत्र ।
३. बढुवा भएको भए बढुवाको नियुक्ति पत्र,
४. समायोजन भए समायोजन भएको पत्र,
५. पदस्थापन पत्र ।
६. नेपाली नागरिकताको प्रमाण पत्र।
७. शैक्षिक योग्यताको प्रमाण पत्र।
८. अन्य ।

| हाल कार्यरत पद | तह बृद्धि/मिलान गरेको पद |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| स्तर: | स्तर: |
| कार्यालय : | कार्यालय : |

माथि उल्लेखित सबै व्यहोरा ठिक साँचो हो झुठा ठहरे कानून बमोजिम सहूँला बुझाउँला ।

**निवेदक**

नाम :
दस्तखत :
क.सं. नम्बर :

देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत

अनुसूची २
(कार्यविधिको दफा ५ र ६ सँग सम्बन्धित)

## तह बृद्धि/बढुवा नियुक्तिपत्रको ढाँचा

पत्र सङ्ख्या-
चलानी नं. -

मिति-

**विषय: तह बृद्धि/बढुवा गरिएको सम्बन्धमा ।**

तपाईलाई कुम्मायक गाउँकार्यपालिकाको तह बृद्धि/बढुवा सिफारिस समितिको मिति २०८०।..।.. गतेको निर्णयानुसार स्थानीय सेवा (गठन तथा सञ्चालन) अध्यादेश, २०८० को दफा ४ (५), ८ (१४), ८(१६), साथै **"कुम्मायक गाउँपालिकाको कर्मचारी तह वृद्धि/ बढुवा सम्बन्धी कार्यविधि, २०८०" को दफा ६** अनुसार **स्थानीय सेवाको** तपशिल बमोजिम **तह बृद्धि/बढुवा / कायम** गरिएको छ।

**तह बृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्यसफलताको शुभकामना व्यक्त गर्दछु।**

तपसिल :

| **हाल कार्यरत पद** | **तह बृद्धि/बढुवा गरेको पद** |
|---|---|
| पद: | पद: |
| सेवा: | सेवा: |
| समुह: | समुह: |
| तह : | तह : |
| कार्यालय : | कार्यालय : |
| | जेष्ठता लागु हुने मिति - |

**श्री.......................**
कर्मचारी सकेत नम्बर
ठेगाना

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :**

श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, कोसी प्रदेश विराटनगर ।
श्री प्रदेश लोक सेवा आयोग, कोशी प्रदेश।
श्री प्रदेश किताबखाना, कोशी प्रदेश।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर काठमाडौं।
श्री कर्मचारी सञ्चयकोष, ठमेल काठमाडौं।।
श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पाँचथर।
श्री आर्थिक प्रशासन शाखा।

आज्ञाले
देवी तुम्बापो
प्रमुख प्रशासकीय अधिकृत